# ***मेशीन रिडेवल पासर्पोट (MRP) संबन्धी जानकारीहरु :***

१. ***मेशीन रिडेवल राहदानी (MRP) कहिले सम्म अनिवार्य बनाई सक्नु पर्छ ?***

- International Civil Aviation Organisation (ICAO) को नियमअनुसार २४ नोभेम्वर २०१५ भित्र MRP अनिवार्य बनाइ सक्नुपर्नेछ ।

२. ***मेरो राहदानीको म्याद २०२० मा सकिन्छ । के म अहिले नै MRP बनाउन सक्छु ?***

- सकिन्छ । जतिसक्दो छिटो २४ नोभेम्वर २०१५ भित्र MRP बनाउनु राम्रो हुन्छ ।

३. ***मेरो राहदानीको मिति सकिदै छ । MRP बनाउन के गर्नु पर्छ ?***

- MRP बनाउनको लागि आफै दूतावासमा आएर अथवा हुलाकबाट पठाएर आवेदन दिन सकिन्छ ।

४. ***दूतावासमा उपस्थित भई MRP आवेदन दिंदा के कागजातपत्र पेश गर्नुपर्छ ?***

- फाराम राम्रोसंग पूर्णरुपमा भरि Print गर्दा **Actual Size** मा **Click** गरी प्रिन्ट गरेको २ प्रति फाराम,
- हालको पासर्पोटको सक्कल र १ प्रति फोटोकपी,
- नागरिकता प्रमाणपत्रको सक्कल र फोटोकपी,
- दूतावासलाई सम्वोधन गरिएको निवेदन
- ६ महिना भित्र खिचेको ४ प्रति फोटोहरु, ***4.5 x 3.5 cm size, Image of the applicant should occupy approximately 70% to 80% of the photograph,***
- ११० पौण्ड नगद वा Embassy of Nepal को नाममा Postal Order/ Demand Draft,
- दूतावासको website www.nepembassy.org.uk

५. ***हुलाक मार्फत MRP आवेदन दिंदा प्रकृया कस्तो छ ?***

- फाराम राम्रोसंग पूर्णरुपमा भरि Print गर्दा **Actual Size** मा **Click** गरी प्रिन्ट गरेको २ प्रति फाराम,
- हालको पासर्पोटको सक्कल र १ प्रति फोटोकपी,
- नागरिकता प्रमाणपत्रको सक्कल र फोटोकपी,
- दूतावासलाई सम्वोधन गरिएको निवेदन
- ६ महिना भित्र खिचेको, 4.5 x 3.5 cm size, Image of the applicant should occupy approximately 70% to 80% of the photograph ४ प्रति फोटोहरु ।
- MRP राहदानी शुल्क ११० पौण्ड Embassy of Nepal को नाममा Postal Order/ Demand Draft, ***(नोटः व्यक्तिगत चेक स्वीकार्य हुदैन )***
- MRP राहदानी बनेर आएपछि फिर्ता पठाउन Special Delivery Prepaid Envelop
- दूतावासको website www.nepembassy.org.uk

६. ***राहदानी हराएपछि MRP आवेदन दिंदा प्रकृया कस्तो छ ?***

- फाराम राम्रोसंग पूर्णरुप मा भरि Print गर्दा **Actual Size** मा **Click** गरी प्रिन्ट गरेको २ प्रति फाराम,
- हालको राहदानी १ प्रति फोटोकपी,
- नागरिकता प्रमाणपत्रको सक्कल र फोटोकपी,
- दूतावासलाई सम्वोधन गरिएको निवेदन,
- राहदानी हराएको पष्टि हनेगरी स्थानिय प्रहरी कार्यालयले दिएको प्रतिवेदन,
- ६ महिना भित्र खिचेको, 4.5 x 3.5 cm size, Image of the applicant should occupy approximately 70% to 80% of the photograph ४ प्रति फोटोहरु ।
- MRP राहदानी शुल्क ११० पौण्ड Embassy of Nepal को नाममा Postal Order/ Demand Draft, ***(नोटः व्यक्तिगत चेक स्वीकार्य हुदैन )***
- MRP राहदानी बनेर आएपछि फिर्ता पठाउन Special Delivery Prepaid Envelop
- दूतावासको website www.nepembassy.org.uk

७. ***मैले हुलाक मार्फत MRP फाराम पठाएको छु । तर मिले नमिलेको कसरी थाहा पाउने ?***

- दूतावासमा ठुलो संख्यामा आवेदन आउने हुनाले **मिलेको आवेदन**लाई खवर गरिदैन । यदि नमिलेको छ भने E-mail वा फोन मार्फत खवर गरि नमिलेको जानकारी गराईन्छ । त्यसैले आवेदन दिंदा आफनो टेलिफोन नम्वर र इ मेल राख्नु अनिवार्य छ । साथै, फाराम मिले नमिलेको तथा मिलेको फाराम राहदानी बिभाग, काठमाण्डौमा पठाएको संपूर्ण जानकारी दूतावासको website www.nepembassy.org.uk मा राखिएको छ ।

८. ***MRP आवेदन दिएपछि मेरो हालको राहदानी कसरी फिर्ता पाइन्छ ?***

- दूतावासमा आफै आएर फाराम भर्नेहरुलाई फाराम चेक गरी तत्काल फिर्ता दिईन्छ । हुलाक मार्फत आबेदन दिनेहरुको हकमा MRP बनेर आईसकेपछि MRP संगै फिर्ता पाइन्छ । कसैलाई तुरुन्त हालको राहदानी चाहिने भएमा सो कुरा निवेदनमा खुलाई फिर्ता पठाउन आवेदकले Special Delivery Prepaid Envelop व्यवस्था गरेमा दूतावासले फिर्ता पठाईदिन्छ । तर MRP बनेर आईसकेपछि हालको राहदानी अनिवार्य Cancel गर्नुपर्ने भएकाले पुनः पठाउनु पर्नेछ ।

९. ***राहदानी (MRP)* को फाराम,** दूतावासको ठेगाना (Address) **र अन्य जानकारी कहां पाइन्छ ?**

- MRP राहदानीको फाराम, फारामको नमूना, भर्ने तरिका, फोटो साईज, मापडण्ड, गुणस्तर, फाराम भर्ने तरिका दूतावासको website www.nepembassy.org.uk वाट download गर्न सकिन्छ । अन्य विस्तृत जानकारी जस्तै फारामको नमूना, भर्ने तरिका, फोटो साईज, मापडण्ड, गुणस्तर, फाराम भर्ने तरिका राहदानी बिभागको website www.dopmofa.com.np मा हेर्न सकिन्छ ।

१०. ***म बेलायत, आयरल्याण्ड, माल्टा र आईसल्याण्डमा आउंदा १६ वर्ष भन्दा कम उमेरको थिए तर अहिले १६ वर्ष नाघिसकेकाले MRP बनाउन नेपाली नागरिकता प्रमाणपत्र अनिवार्य छ ?***

- १६ वर्ष उमेर पुगिसकेका लागि **MRP** बनाउन नागरिकताको प्रमाणपत्रको प्रमाणपत्रको सक्कल र फोटोकपी अनिवार्य छ । त्यसैले नागरिकता प्रमाणपत्र वनाएको छैन भने तुरुन्त सम्वन्धित जिल्लामा गई नागरिकताको प्रमाणपत्र वनाउनु पर्ने हुन्छ ।

**११. *दूतावासको website वाट MRP बनाउन फाराम download गर्दा size नमिलेको कुरा सुनिन्छ , Correct Size को फाराम कसरी Print गर्ने ?***

- फारामलाई Desktop मा save गर्ने,
- फाराममा आफनो विवरण राम्रोसंग नछुटाईकन भर्ने ।
- Print गर्दा Print Press गरेर Print Properties मा जाने
- Actual Size मा click गर्ने
- Fit to size check भएको छ भने uncheck गर्ने र Print गर्ने,
- फारामको सवै भन्दा माथिको अक्षरवाट सवैभन्दा तलको अक्षरसम्म २७ सेन्टिमीटर हुनुपर्छ त्यसै गरी दांया देखि वांया सम्म १८.५ सेन्टिमीटर हुनुपर्छ ।
- दूतावासको website www.nepembassy.org.uk

**१२. *MRP वनेर आउन कति समय लाग्छ ?***

- दूतावासले **MRP** फाराम संकलन गरेर राहदानी विभाग, काठमाण्डौ पठाउने हुनाले MRP वन्न कम्तिमा ३ देखि ४ महिना लाग्छ ।

**१३. *MRP वनेर आएको जानकारी कसरी पाइन्छ ?***

- MRP आएको सूचना दूतावासको वेवसाइटमा कुन मितिदेखि कुन मितिसम्मको MRP आइसकेको छ भनी हेर्न सकिन्छ ।

**१४. *१६ वर्ष मुनिका बालबालिकाहरुको राहदानी (MRP) नविकरण गर्न के के कागजात पेश गर्नु पर्छ ?***

- नेपालमा स्थानिय पन्जिकाधिकारीले जारी गरेको जन्मदर्ता प्रमाणपत्र,
- जिल्ला प्रशासन कार्यालयबाट (CDO Office) नावालिक परिचयपत्रको फोटोकपी,
- बाबु आमाको नागरिकताको प्रमाणपत्र, राहदानी तथा विवाहदर्ताको फोटोकपी,
- बाबु, आमाको तर्फवाट निवेदन,
- हालको राहदानी र फोटोकपी,
- ६ महिना भित्र खिचेको, 4.5 x 3.5 cm size, Image of the applicant should occupy approximately 70% to 80% of the photograph ४ प्रति फोटोहरु ।
- फाराम राम्रोसंग पूर्णरुपमा भरि Print गर्दा **Actual Size** मा **Click** गरी प्रिन्ट गरेको २ प्रति फाराम,
- MRP राहदानी शुल्क ११० पौण्ड Embassy of Nepal को नाममा Postal Order/ Demand Draft, *(नोटः व्यक्तिगत चेक स्वीकार्य हुदैन )*
- MRP राहदानी बनेर आएपछि फिर्ता पठाउन Special Delivery Prepaid Envelop
- दूतावासको website www.nepembassy.org.uk

***१५. मेरो वच्चा बेलायत /आयरल्याण्ड /आइसल्याण्ड /माल्टामा जन्मेको छ भने MRP वनाउन के गर्नु पर्छ ?***

- स्थानिय मुलुकको जन्म दर्ताको प्रमाणपत्रको फोटोकपी,
- बाबु आमाको नागरिकताको प्रमाणपत्र, राहदानी तथा विवाहदर्ताको फोटोकपी,
- बाबु, आमाको तर्फवाट निवेदन,
- ६ महिना भित्र खिचेको, 4.5 x 3.5 cm size, Image of the applicant should occupy approximately 70% to 80% of the photograph ४ प्रति फोटोहरु ।
- फाराम राम्रोसंग पूर्णरुपमा भरि Print गर्दा **Actual Size** मा **Click** गरी प्रिन्ट गरेको २ प्रति फाराम,
- MRP राहदानी शुल्क ११० पौण्ड Embassy of Nepal को नाममा Postal Order/ Demand Draft, *(**नोट : व्यक्तिगत चेक स्वीकार्य हुदैन** )*
- १ वर्ष भन्दा कम उमेरको वच्चाले औंठा छाप लगाउनु पर्दैन ।
- दूतावासको website www.nepembassy.org.uk

***१६. मेरो राहदानी र नागरिकतावाट हुन आउने जन्ममिति फरक छ भने के गर्नु पर्छ ?***

- MRP नागरिकताको प्रमाणपत्रको आधारमा वनाइने हुंदा नागरिकताको प्रमाणपत्रवाट आउने जन्ममिति मात्र स्विकार्य हुन्छ । यदी ३ दिन सम्मको फरक छ भने पुष्ट्याइ गर्ने थप प्रमाण पेश गर्नु पर्ने छैन ।

***१७. दूतावासको ठेगाना (Address) र अन्य जानकारी कहां पाइन्छ ?***

- *दूतावासको ठेगाना (Address) प्रकार छ :*

*Embassy of Nepal, London*
*12 A Kensington Palace Gardens*
*London, UK*
*Postcode: W8 4QU*
*Tel: 02072291594, 02072295352*
*Email: consular@nepembassy.org.uk*
*info@nepembassy.org.uk*

***१८. मैले MRP को लागि आवेदन हुलाक मार्फत पठाएको छु । मिले नमिलेको कसरी थाहा पाउने ?***

- हुलाक मार्फत प्राप्त आवेदनहरु मिलेको वा नमिलेको जे भएपनि दूतावासको website www.nepembassy.org.uk मा राखिने व्यवस्था मिलाईएको छ । मिलेको आवेदनहरु छ भने Processing मा जान्छ र MRP बनाउन राहदानी विभागमा पठाईन्छ ।

***१९. मैले MRP फाराम भर्न लागेको थिए भर्ने तरिका के होला ?***

- ***MRP फाराम भर्दा अनिवार्य रुपमा तल उल्लेख गरेअनुसार फाराम भर्नपर्छ :***

१. मा Surname राख्ने । यदी surname २ वटा छ भने एउटा कोठा छाड्ने र लेख्ने ।

२. मा First Name भर्ने र Middle Name पनि छ भने एउटा कोठा छाड्ने र Middle Name लेख्ने तर (Mr. Mrs. Dr.) केहि नलेख्ने ।
३. मा जन्मस्थान (Place of Birth) सम्बन्धी खण्ड भर्दा निवेदकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्मस्थान भर्नुपर्नेछ ।
४. मा राष्ट्रियता Nepalese राख्ने ।
५. मा जन्ममिति B.C.(इस्वी सम्वत) मा Year/ Month/Date को Format मा राख्ने ।
६. मा जन्ममिति विक्रम सम्वतमा Year/ Month/ Date को Format मा राख्ने ।
७. मा नागरिकता प्रमाणपत्र नम्वर राख्ने । १६ वर्ष भन्दा मुनिका लागि नावालक परिचयपत्र वा जन्मदर्ता प्रमाणपत्रको नम्वर राख्ने ।
८. मा ७ मा राखिएको कागजात जारी भएको मिति नेपाली विक्रम सम्वतमा Year/ Month/Date को Format मा राख्ने ।
९. मा ७ नम्वरमा उल्लेखित कागजात जारी भएको जिल्ला राख्ने । यदी विदेशमा जारी भएको भए सम्वन्धित देशको नाम राख्ने,
१०. मा हाल आफुसंग रहेको राहदानीको नम्वर लेख्ने,
१०. A मा राहदानी जारी भएको मिति B.C.(इस्वी सम्वत) मा वर्ष, महिना, गते Format मा राख्ने ।
१०. B मा पासर्पोट जारी भएको जिल्लाको नाम । विदेशमा जारी भएको भए सम्वन्धित देशको राजधानी शहरको नाम लेख्ने,
११. मा नेपालको ठेगाना जिल्लाको नाम लेख्ने,
११. B मा गा.वि.स. वा नगरपालिकाको नाम राख्ने,
११. C मा वार्ड नं राख्ने (जस्तै वार्ड नं ०६ लेख्ने,
११. D मा गांउ, टोल वा रोडको नाम लेख्ने,
११. E मा घर नम्वर छ भने राख्ने नभए खाली छाड्ने,
१२. मा ईमेल ठेगाना लेख्ने,
१३. मा हालको मोवाइल वा टेलिफोन नम्वर राख्ने ।
१४. A मा निकटम व्यक्तिको नाम राख्ने । Mr. Mrs. Dr. नराख्ने । पहिला First Name, Middle Name र Surname राख्ने,
१४. C नेपालको जिल्लाको नाम लेख्ने,
१४. D मा गा.वि.स. वा नगरपालिकाको नाम लेख्ने,
१४. E मा वार्ड नंम्वर लेख्ने,
१४. F मा गांउ, टोल वा रोडको नाम,
१४. G मा छ भने घर नम्वर नभए खाली छाड्ने,
१५. मा नाता सम्वन्ध (जस्तै, Wife, Husband, Brother, Sister ) लेख्ने,
१६. मा हालको मोवाइल वा टेलिफोन नम्वर राख्ने ।
१७ मा Email ID (ठेगाना) लेख्ने,

- Box को घेरालाई नछनेगरी Box भित्र हस्ताक्षर (Signature) गर्ने । लेख्न नसक्नेको हकमा Box को बीचमा पर्नेगरी X गर्ने ।
- मितिमा आवेदन बुझाउने दिनको मिति B.C.(इस्वी सम्वत) मा लेख्ने ।

***२०. म बिट्रीस आर्मीमा कार्यरत छु /थिए । आर्मीको Record र नागरिकतामा जन्ममिति फरक छ के गर्नुपर्छ ?***

(**क**) जन्ममिति (Date of Birth) खण्ड भर्दा निवेदकले नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति बिक्रम सम्वतमा र त्यसलाई रुपान्तरण गरी इश्वी सम्वतमा समेत लेख्नु पर्नेछ । बिक्रम सम्वतबाट इश्वी सम्वतमा रुपान्तरण गर्दा ७ दिन सम्मको फरक परेमा सो को पुष्ट्याइ गर्ने प्रमाण पेश गरेमा सो बमोजिमको जन्ममिति राहदानीमा उल्लेख गर्न सकिनेछ । बिक्रम सम्वतबाट इश्वी सम्बतमा जन्ममिति रुपान्तरण गर्दा ३ दिन सम्म फरक परेमा त्यसको पुष्ट्याइ गर्ने थप प्रमाण पेश गर्नु पर्नेछैन ।

(**ख**) नागरिकताको प्रमाणपत्र र एस.एल.सी. वा सो भन्दा माथिको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति फरक परेमा शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लिखित जन्ममितिलाई मान्यता दिन सकिनेछ । त्यसका लागि निवेदकले शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल र एक प्रति प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(**ग**) नागरिकताको प्रमाणपत्रमा जन्म मिति उल्लेख हुादा जन्मेको वर्ष मात्र उल्लेख भएकोमा वा यति वर्ष उमेरको भनी उल्लेख भएकोमा निवेदकले पूरा जन्ममिति उल्लेख गर्न नचाहेको प्रष्ट कारण र प्रमाण खुलाई निवेदन गरेमा बाहेक सामान्यतः वर्ष फरक नपर्ने गरी निवेदकले जानकारी गराएको महिना र गते उल्लेख गर्न सकिनेछ । त्यसरी उल्लेख गर्न नसकेको अवस्थामा नागरिकताको प्रमाणपत्र जारी भएको मितिबाट उमेर घटाइ कायम हुन आउने जन्ममितिलाई निजको जन्ममिति मानी राहदानीमा उल्लेख गरिनेछ । नागरिकताको प्रमाणपत्रमा उमेर वा जन्म वर्ष मात्र उल्लेख भएको तर निवेदकको अन्य प्रमाणपत्रमा पूरा जन्ममिति रहेको पाइएमा बर्ष फरक नपर्ने गरी सो प्रमाणपत्र अनुसारको मितिलाई "राहदानीमा" उल्लेख गर्न सकिनेछ ।

(**घ**) बेलायती तथा भारतीय सेनामा काम गरेका भूतपूर्व सैनिकको नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्ममिति र निजको पेन्सनपट्टामा उल्लिखित जन्ममितिमा फरक परेमा बढिमा १ वर्ष सम्मको लागि सम्बन्धित गा.वि.स. वा नगरपालिकाको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयबाट लेखी आएमा सो अनुसारको जन्ममिति कायम गर्न सकिनेछ ।

## *२१. MRP बनाउन फोटो (Photo) को size and Requirements:*

- ***राहदानी वा यात्रा अनुमतिपत्रको लागि संलग्न गर्नुपर्ने फोटोको विवरण :***

***फोटो :*** *६ महिना भित्र खिचेको रंगिन ।*

***आकार :*** *४५ मि.मी. x ३५ मि.मी. (४.५ से.मी. x ३.५ से.मी.) ।*

***पृष्ठभूमि :*** *सादा र हलुका रंग ।*

***अवस्थिति (Pose):*** *पूर्ण रुपमा अगाडि फर्केको, दुवै कान देखिने, आंखाले क्यामेरा हेरेको, टाउको पूरा र कांधको केही भाग देखिने, छायां (Shadow) नदेखिने, रातो आंखा (Red eye) नभएको, साथमा अरु व्यक्ति नभएको, मुख बन्द भएको, चहकिलो रंगको लुगा नलगाएको ।*

***स्वरुप (Image) को स्थिति :*** *अनुहारले ७० देखि ८० प्रतिशतसम्म फोटो ढाकेको ।*

***गुणस्तर :*** *प्रष्ट (Sharp focused), उच्च गुणस्तरको, नखुम्चिएको, मसी वा दाग धब्बा नलागेको, स्तरीय कागजमा तथा उच्च Resolution मा छापिएको, चश्मा प्रयोग गर्नु पर्ने भएमा आंखा प्रष्ट देखिने, मसिनो फ्रेम, प्रकाश परावर्तन (Reflection) नभएको तथा शिशा रंगीन नभएको ।*

***शिरपोश :*** *विशेष धार्मिक, सांस्कृतिक एवं स्वास्थ्य सम्वन्धी कारण वाहेक टाउको खुला हुनुपर्ने ।*

## *PHOTO : Size and Requirements*

a. ***RECENT PHOTO:*** Photograph should have been taken within the last six months.

b. ***SIZE:*** Photograph size is 4.5 x 3.5 cm (45x35 mm).

c. ***BACKGROUND COLOR:*** Background color should be Light colour.

d. ***POSE:*** Full frontal

e. ***IMAGE SIZE :*** Image of the applicant should occupy approximately 70% to 80% of the photograph.

f. ***CROPPING :*** There should be at least 5mm-10mm space at the top of the photo between the edge of the photo and the crown/head of the person to allow for "cropping" of the photo

g. ***PAPER PREFERRED:*** Photograph should be printed on good quality photo paper.

h. ***CLEAN PHOTOGRAPH:*** Photograph should be free from ink and marks, dirt, grease, finger and paste stains.

**i.** DO NOT - APPLY ERASER/APPLY CHEMICAL ON THE PHOTO TO CLEAN IT

j. ***USE OF attire:*** Applicant's photograph should show him wearing decent attire with collar.

k. ***EYE GLASSES/SHADES:*** Use of clear/dark/tinted glasses is not acceptable except for the medically blind, provided the person can still be recognized through his/her photo

l. ***EARS SHOULD BE VISIBLE:*** As much as possible, both ears of the applicant should be visible

m ***HEAD SCARF/VEIL:*** Use of head scarf for religious and medical reasons is allowed (Muslim women/nuns/cancer patients with hair loss/Alopecia) however; the scarf or hair should not cover the eyebrows/eyes.

n. ***CAPS/HEADGEAR:*** Use of caps or head gear is not allowed

o. ***SMILING :*** When having photograph taken applicant may smile. However the features (eyes, mouth, cheeks) of the applicant must not appear distorted or too different from formal/non-smiling pose.

p. ***USE OF CONTACT LENSES :*** Use of contact lenses for medical reasons is all right, provided the contact lenses do not change the applicant's true eye color.

q. ***USE OF EARRINGS :*** - For women – acceptable provided earrings are small: For Men – outright rejection – not allowed

r. ***Following PHOTOS should be rejected:***

- photo with red eye effect
- dirty photos
- image of the face too big
- image of the face too small
- wrong color background
- poor quality photo (washed out image / unnatural skin tone)
- photo does not look directly into the camera (exception: applicant has a medical/physical condition)